# नेपाल निजामती कर्मचारी युनियन
# NEPAL CIVIL SERVICE EMPLOYEES' UNION

## साधारण सदस्यता आवेदन फारम

श्रीमान् अध्यक्षज्यू

राष्ट्रसेवा, निष्पक्षता, तटस्थता र कर्मचारी एकताप्रति प्रतिबद्ध भई नेपाल निजामती कर्मचारी युनियनको उद्देश्यलाई स्वीकार गरी विधान बमोजिम यस युनियनको साधारण सदस्यता पाउन/नवीकरणका लागि तपशील बमोजिम विवरण भरी यो निवेदन पेश गरेको छु ।

नयाँ सदस्यता नं.: ........................................................ नवीकरण सदस्यता नं. :..................................

नाम, थर (देवनागरीमा) : ..........................................................................................................

(अंग्रेजी Block Letter मा) : ......................................................................................................

कर्मचारी संकेत नं. : ..................................................................................................................

बाबुको नाम : ......................................................... आमाको नाम : ...............................................

पति/पत्नीको नाम : ..................................................................................................................

कार्यरत कार्यालय : ...................................................................................................................

श्रेणी र पद : ......................................................................सेवा प्रवेश मिति : ...............................................

सेवाको प्रकृति : ☐स्थायी ☐अस्थायी ☐करार ☐निजामती ☐विकास समिति:............................

कार्यालयको फोन नं.: ...........................सम्पर्क नं. : ....................... ईमेल : ........................................

ब्लड ग्रुप : ..................................

### नेपाल निजामती कर्मचारी युनियनमा आबद्धता/सहभागिता सम्बन्धी विवरण :

| सि.नं. | मिति | कार्यसमिति | कार्यसमितिको पद | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अन्य पेशागत संस्थामा संलग्न हुनुहुन्छ भने सोको विवरण :.............................................................................
..........................................................................................................................................................

दस्तखत :........................................... मिति :.............................................................

---

सदस्यता प्रदान गर्ने जिल्ला/विभागीय कार्यसमितिको छाप

हस्ताक्षर : ........................................... हस्ताक्षर : .............................................

नामः....................................................... नामः.....................................................

जिल्ला/विभागीय सचिव जिल्ला/विभागीय अध्यक्ष

# नेपाल निजामती कर्मचारी युनियनको सदस्यता वितरण सम्बन्धी विधान शंशोधन सहित-२०७७ बमोजिम

## साधारण सदस्यता:

१. नेपाल निजामती कर्मचारी युनियनको विधान बमोजिम तोकिएको निवेदन फारमको ढाँचामा विवरण भरी सदस्यता शुल्क वापत एकमुष्ठ रकम रु. १००/- बुझाई साधारण सदस्यता प्राप्त गर्नसक्ने छन् ।

२. सदस्य शुल्क मध्येको २५% सम्बन्धित जिल्ला/विभागीय कार्यसमितिले आफ्नो कोषमा राखी बाँकी २५% सम्बन्धित प्रदेश कार्यसमितिको खातामा वा संघीय कार्यसमितिको खातामा र ५०% रकम नेपाल निजामती कर्मचारी युनियन केन्द्रीय कार्यसमितिको रा.बा. बैंक, नयाँ बानेश्वर शाखाको चल्ती हि. नं. १४२०१०००४०७२००१ मा जम्मा गरी सोको भौचर केन्द्रमा पठाउनुपर्ने छ ।

३. साधारण सदस्यलाई सदस्यता वितरण गरी निजहरुको नाम नामेसी सहित सम्पूर्ण अर्धकट्टी र सक्कलै निवेदन तोकिएको समय भित्र जिल्ला/विभागीय कार्यसमितिहरुले अनिवार्य रुपमा केन्द्रीय कार्यसमितिमा पठाउनुपर्ने छ ।

## क्रियाशील सदस्यता सम्बन्धी जानकारी :

१. साधारण सदस्यता लिएको दुई वर्ष व्यतीत नगरी कुनै पनि साधारण सदस्य क्रियाशील सदस्य लिन योग्य मानिने छैन ।

२. युनियनको गतिविधिमा सक्रिय रुपमा भाग लिएको व्यक्तिलाई मात्र जिल्ला/विभागीय कार्यसमितिले क्रियाशील सदस्यताको लागि सिफारिस गर्नुपर्ने छ ।

३. क्रियाशील सदस्यको अवधि तीन वर्ष रहने भएकाले क्रियाशील सदस्यता लिनेले तोकिएको फारमको ढाँचामा विवरण भरी सदस्यता वापतको एकमुष्ठ रकम रू. ३००/- बुझाउनु पर्नेछ र सदस्यता नवीकरण गर्दा समेत प्रत्येक पटक रू. ३००/- शुल्क तिर्नुपर्ने छ ।

४. जिल्ला विभागीय कार्यसमितिमा फारम र शुल्क बुझाएपछि सम्बन्धित कार्यसमितिले छानविन गरी क्रियाशील सदस्यताका लागि केन्द्रीय कार्यसमितिमा सिफारिस गर्नुपर्ने छ ।

५. सम्बन्धित कार्यसमितिको बैठकले निर्णय गरी सिफारिस सहितको फारम र प्राप्त शुल्कको ५०% प्रतिशत रकम तोकिएको समयभित्र केन्द्रीय कार्यसमितिमा बुझाउनुपर्ने छ ।

६. सम्बन्धित कार्यसमितिले फारम सदस्यता शुल्क वापतको रकम बुझाएपछि केन्द्रीय कार्यसमितिबाट सो रकम बुझेको नगदी रसिद प्राप्त हुने छ ।

७. केन्द्रीय कार्यसमितिले फारम प्राप्त भएपछि अभिलेख अद्यावधिक गरी सम्बन्धित कार्यसमितिमा पठाइनेछ र सम्बन्धित कार्यसमितिबाट सम्बन्धित सदस्यलाई सदस्यता वितरण गरिने छ । केन्द्रीय कार्यसमितिबाट सदस्यता स्वीकृत/प्रमाणित हुनु अगावै प्राथमिक कार्यसमिति/जिल्ला तथा विभागीय अधिवेशन भए गरेमा त्यस्तो समिति वा अधिवेशन स्वतः रद्द हुने छ ।

८. यदि कुनै सदस्यको निवेदनउपर जाँचबुझ गर्दा केन्द्रीय कार्यसमितिले क्रियाशील सदस्यता दिन अयोग्य ठानेमा सम्बन्धित सदस्यले बुझाएको शुल्क फिर्ता गरी क्रियाशील सदस्यताको निवेदन फारम समेत स्वतः रद्द गरिने छ ।

९. एकपटक यो फारम भरिसकेपछि कुनै सदस्यको साविक जिल्ला, विभाग वा मन्त्रालयबाट अन्यत्र सरुवा भएमा सोको जानकारी निर्दिष्ट ढाँचामा सदस्य स्वयंले साविक जिल्ला र विभागीय कार्यसमितिलाई गराउनुपर्ने छ । जानकारी प्राप्त भएपछि सम्बन्धित जिल्ला र विभागीय कार्यसमितिले केन्द्रीय कार्यसमिति र सरुवा भएको जिल्ला वा विभागीय कार्यसमितिलाई जानकारी गराउनुपर्ने छ ।

१०. कुनै सदस्यलाई जिल्ला/विभागीय कार्यसमितिको क्रियाशील सदस्यता वितरणसम्बन्धी निर्णयप्रति चित्त नबुझे केन्द्रीय कार्यसमितिमा पुनरावेदन गर्नसक्ने छ र केन्द्रीय कार्यमितिले छानविन गरी उचित ठहर गरेमा निजलाई सदस्यता प्रदान गर्नसक्ने छ ।

११. क्रियाशील सदस्यता प्राप्त गर्ने सदस्यले युनियनको कार्यमा सदैव सक्रिय एवं लगनशील रही आ-आफ्नो कार्यसमितिले लाए/अह्राएको कार्यमा तत्परतासाथ लाग्नु प्रत्येक सदस्यको प्रमुख कर्तव्य हुने छ । यसरी क्रियाशील नरहेको व्यक्तिलाई क्रियाशील सदस्यता दिन वा नवीकरण गर्न केन्द्रीय कार्यसमिति बाध्य हुने छैन ।

१२. फारमको दाहिने कुनामा एक प्रति पासपोर्ट साइजको फोटो टाँस्नुपर्ने छ र क्रियाशील सदस्यताको परिचय पत्रको लागि अर्को एक प्रति फोटो पेश गर्नुपर्ने छ ।